# बर्दघाट नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### बर्दघाट, नवलपरासी
### लुम्बिनी प्रदेश, नेपाल

बर्दघाट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दघाट, नवलपरासी
लुम्बिनी प्रदेश

प. सँः ०७७।७८
च.नं. ३०४२

मितिः ०७८।२।२८

श्री बर्दघाट नगरपालिका
वडा कार्यालय सबै

**विषयः योजना तर्जुमा सम्बन्धमा**

आगामी आर्थिक वर्ष २०७८/०७९ मा बार्षिक नगर विकास योजना तर्जुमा गर्ने सन्दर्भमा मिति ०७८/२२७ को नगरकार्यपालिका वैठकबाट भएको निर्णयको आधारमा तहाँ वडा कार्यालको लागि तपसिलमा उल्लेख भएबमोजिमको बजेट सिलिङ्ग निर्धारण गरिएको छ । अतः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा देहायका मार्गदर्शन तथा योजना प्राथमिकिकरणका आधार बमोजिम वडा स्तरिय योजना तर्जुमा गरी मिति ०७८/३/४ भित्र यस नगरपालिकामा योजना पेश गर्ने गरी कार्य प्रारम्भ गर्नुहुन जानकारीको लागि अनुरोध छ ।

तपसिलः

प्रमुख प्रशासकीय अधिकृत

आयोजना प्राथमिकिकरणका आधारहरूः

- चालु आ.व.का अधुरा आयोजनाहरू
- बर्दघाट नगरपालिकाको ५ वर्षे आवधिक योजनामा उल्लेखित योजनाहरू
- श्रममुलक प्रविधिमा आधारित र स्थानीय स्तरमा रोजगारी र आम्दानी अभिवृद्धि गर्न सहयोग पुर्याउने योजनाहरू
- कोभिड-१९ को व्यवस्थापनमा सहयोग पुग्ने योजनाहरू
- कोभिड -१९ को कारणबाट शिथिल हुन पुगेको स्थानीय अर्थतन्त्रलाई चलायामान बनाउने प्रकृतिका आवश्यक योजनाहरू
- स्थानीय श्रोत, साधन, सीपको अधिकतम प्रयोगबाट छिटो प्रतिफल प्राप्त गर्न सकिने योजनाहरू
- स्थानीय सहभागिता जुट्ने, स्वयं सेवा परिचालन गर्न सकिने र कम लागत लाग्ने योजनाहरू
- स्थानीय मजदुर, कृषक, महिला, सिमान्तीकृत वर्ग र पिछडिएको क्षेत्रलाई फाइदा पुग्ने योजनाहरू
- दिगो विकास, वातावरणीय संरक्षण तथा संवर्द्धन र विपद् व्यवस्थापनमा सहयोग पुग्ने योजनाहरू

**योजना तर्जुमा गर्ने सन्दर्भमा ध्यान दिनुपर्ने विषयहरू**

(क) योजना तर्जुमा प्रक्रिया सम्बन्धीः

- हाल अभ्यासमा रहेको योजना तर्जुमा विधि र प्रक्रिया अनुरूप गाँउ-टोल भेलाको आयोजना गर्न स्वास्थ्य सुरक्षाका दृष्टिकोणले जोखिम पूर्ण हुने देखिएमा, नागरिक सहभागिताका वैकल्पिक विधिहरू अवलम्बन गर्ने व्यवस्था मिलाउने । यसका लागि भौतिक दुरी तथा स्वास्थ्य सम्बन्धी मापदण्डको पालना गरि स-साना समूहमा छलफल गर्ने, टोल विकास संस्था वा अन्य यस्तै प्रकृतिका सामुदायिक संस्थाहरू परिचालन गर्ने, सञ्चार र सूचना प्रविधिका उपयोग जस्ता विधि प्रयोग गर्न सकिने ।
- कोभिड- १९ को संक्रमणको व्यापकताले सिर्जना हुन सक्ने परिस्थितीको आँकलन गरी अवस्था विश्लेषणका आधारमा आवश्यकता पहिचान गरी आगामी आ.व.को नीति, कार्यक्रम र बजेटमा प्रथमिकताका साथ समावेश गर्ने

(ख) कोभिड- १९ बाट सिर्जित संकट व्यवस्थापन सम्बन्धीः

- संक्रमणको जोखिम रहदाँसम्म असक्त, असहाय एवं आर्थिक रूपले विपन्न गर्भवति महिला, जेष्ठ नागरिक एवं अपांगता भएका व्यक्तिलाई राहका कार्यक्रम सञ्चालन गर्ने गरी बजेटको व्यवस्था गर्ने
- आर्थिक रूपले विपन्न श्रमिक मजदुरलाई रोजगारी उपलब्ध गराउन श्रममुलक प्रविधिको प्रयोग गरी कार्यान्वयन गरिने आयोजनाहरू छनौटमा प्रथमिकता दिने

प्रमुख प्रशासकीय अधिकृत

- कोभिड- १९ मा स्थानीय तहमा खटिने स्वास्थ्यकर्मी तथा जनशक्तिलाई स्वास्थ्य शुरक्षा सामाग्री (मास्क, पञ्जा, सेनीटाइजर, पिपिई) हरूको अभाव नहुने गरी बजेटको व्यवस्था गर्ने.
- कोभिड - १९ को रोकथाम तथा नियन्त्रणको लागि क्षमता विकास तथा सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्न बजेट व्यवस्था गर्ने
- एम्बुलेन्स, दमकल, सववाहन जस्ता सेवालाई चौविसै घण्टा सञ्चालन हुने गरी तयारी हालतमा राख्न आवश्यक बजेट व्यवस्था गर्ने
- कोभिड-१९ को कारण विद्यार्थी, गर्भबति महिला, जेष्ठ नागरिक, अपांगता भएका व्यक्ति, डिप्रेशनमा रहेका व्यक्ति तथा मनोसामाजिक परामर्श आवश्यक पर्ने व्यक्तिहरूलाई मनोपरामर्श सेवा उपलब्ध गराउने कार्यक्रम सञ्चालन गर्न बजेट व्यवस्था गर्ने

(ग) सामाजिक क्षेत्रसँग सम्वन्धी (स्वास्थ्य, शिक्षा, खानेपानी तथा सरसफाई र अन्य)

- अस्पताल, स्वास्थ्य चौकी तथा स्वास्थ्य स्वास्थ्य इकाइहरूले दिने सेवाको लागि अत्यावस्यक औषधी तथा उपकरण तथा स्वास्थ्य सासाग्रीको लागि बजेट व्यवस्था गर्ने
- जनस्वास्थ्य सँग सम्वन्धित सेवा प्रभावकारी बनाउन महिला स्वयम सेविका परिचालनको लागि बजेट व्यवस्था गर्ने
- वैकल्पिक विधिको प्रयोग गरी पठन पाठन सूचारू गर्न आवश्यक बजेटको व्यवस्था गर्ने
- सामाजिक दुरी कायम गरी विद्यालय सञ्चालन गर्न नेपाल सरकारबाट निर्णय भएको अवस्थामा स्वास्थ्य सम्बन्धी मापदण्ड पालना गरी पठनपाठनलाई नियमित गर्न आवश्यक पर्ने पूर्वाधार निर्माण, खानेपानी, शौचालय तथा सरसफाईको प्रबन्ध गर्न आवश्यक बजेटको व्यवस्था गर्ने

(घ) आर्थिक विकास सम्बन्धी (कृषि, पशुसेवा, उद्योग, वाणिज्य, सहकारी, पर्यटन र अन्य)

- कृषि उपज तथा कृषि जन्य उत्पादनमा आत्मनिर्भरता तथा उद्यमशिलताको प्रवर्द्धन गर्न आवश्यक मल, विउ, किटनाशक औषधी, उत्पादिन वस्तुको भण्डारण, प्रशोधन र बजार व्यवस्था, सिँचाई सुविधा मिलाउनको लागि बजेट व्यवस्था गर्ने
- किसानको लागत मूल्यको प्राप्तीको सुनिश्चितताको लागि कृषि तथा पशुविमा कार्यक्रमलाई प्रोत्साहित गर्न नीतिगत तथा कार्यक्रम गत बजेटको व्यवस्था गर्ने
- बाँझो जग्गाको एकिकृत तथ्याँक संकलन गरी सोको उपयोगको व्यवस्था मिलाउन भूमि वैंकको अवधारणा कार्यान्वयन गर्न सहजिकरण गर्ने, यस्तो कार्यलाई प्रोत्साहन गर्न कर सहुलियत तथा अनुदान लगायतका व्यवस्था गर्न सकिने
- स्थानीय कच्चा पदार्थमा आधारित लघु तथा घरेलु उद्यमको प्रवर्धन गर्न सिपमुलक तालिमको व्यवस्था गरी उत्पादिन वस्तुहरूको बजारीकरणको सुनिश्चितता प्रदान गर्न सहयोग पुग्ने गरी कार्यक्रम तथा बजेटको व्यवस्था गर्ने
- विदेशबाट फर्किएका र रोजगारीको खोजीमा रहेका व्यक्तिहरूको सिपको विवरण समेत रोजगार सूचना केन्द्रमा अद्यावधिक गरि त्यस्तो जनशक्तिलाई स्थानीय तहभित्र उपलब्ध हुने निर्माण, सेवा, व्यावसाय, उद्योग, कृषि लगायतका क्षेत्रका रोजगारदाता सँग समन्वय गरि रोजगारी प्रदान गर्न सहजिकरण गर्ने व्यवस्था मिलाउने

(ङ) वातावरण तथा विपद व्यवस्थापन सम्बन्धीः

- कोभिड-१९ वाहेकका अन्य विपद् व्यवस्थापनका लागि बजेट व्यवस्था गर्ने
- पूर्वाधार विकासका कार्यक्रम गर्दा विपद जोखिमका संवेदनशिलतालाई केन्द्रविन्दुमा राखी कार्यान्वयन गर्न सघाउ पुग्ने गरी डिजाइन तथा इष्टिमेट गर्ने व्यवस्था मिलाउने

(च) सुशासन तथा संस्थागत विकास सम्वन्धीः

- नगरपालिका र वडा कार्यालयबाट प्रवाह गरिने सेवालाई सूचना प्रविधि मैत्री वनाउन आवश्यक बजेटको व्यवस्था गर्ने
- आन्तरिक आयमा चालु आ.व.मा परेको असर तथा आगामी आ.व. मा पनि यस्तो अवस्थाको निरन्तरता हुन सक्ने देखिएकोले आय संकलन प्रक्रिया र विधिमा सुधार तथा कर सहुलियत दिनुपर्ने अवस्था रहेमा सोको आँकलन गरी आन्तरिक राजश्व परिचालन सम्बन्धी आवश्यक नीतिगत र कानुनी गर्ने व्यवस्था गर्ने ।
- कोभिड-१९ बाट व्यापार व्यावसाय तथा सेवा क्षेत्रमा पर्न गएको नकारात्मक असरबाट राहत प्रदान गर्ने व्यावसाय कर, घर वहाल कर जस्ता क्षेत्रमा परेको असरको मूल्याँकन गरि कर सहुलियत प्रदान गर्न आवश्यक कानुनी व्यवस्था गर्ने
- कोभिड-१९ बाट कर तथा गैरकर राजश्वमा पर्न सक्ने असरलाई आँकलन गरि आन्तरिक आय अनुमानलाई सकेसम्म यथार्थपरक बनाउने
- आर्थिक क्रियाकलापमा आएको संकुचन सँगै स्थानीय तहको आन्तरिक आय, अन्तर सरकारी वित्त हस्तान्तरण, राजश्व बाँडफांड तथा रोयल्टी रकममा आउन सक्ने कमीलाई ध्यान दिदै लचकता सहितको उपयूक्त आकारको बजेट तर्जुमा गर्ने

प्रमुख प्रशासकीय अधिकृत

- कोभिड- १९ मा स्थानीय तहमा खटिने स्वास्थ्यकर्मी तथा जनशक्तिलाई स्वास्थ्य शुरक्षा सामाग्री (मास्क, पञ्जा, सेनीटाइजर, पिपिई) हरूको अभाव नहुने गरी बजेटको व्यवस्था गर्ने,
- कोभिड - १९ को रोकथाम तथा नियन्त्रणको लागि क्षमता विकास तथा सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्न बजेट व्यवस्था गर्ने
- एम्वुलेन्स, दमकल, सववाहन जस्ता सेवालाई चौविसै घण्टा सञ्चालन हुने गरी तयारी हालतमा राख्न आवश्यक बजेट व्यवस्था गर्ने
- कोभिड-१९ को कारण विद्यार्थी, गर्भवति महिला, जेष्ठ नागरिक, अपांगता भएका व्यक्ति, डिप्रेशनमा रहेका व्यक्ति तथा मनोसामाजिक परामर्श आवश्यक पर्ने व्यक्तिहरूलाई मनोपरामर्श सेवा उपलब्ध गराउने कार्यक्रम सञ्चालन गर्न बजेट व्यवस्था गर्ने

(ग) सामाजिक क्षेत्रसँग सम्बन्धी (स्वास्थ्य, शिक्षा, खानेपानी तथा सरसफाई र अन्य)

- अस्पताल, स्वास्थ्य चौकी तथा स्वास्थ्य स्वास्थ्य इकाइहरूले दिने सेवाको लागि अत्यावस्यक औषधी तथा उपकरण तथा स्वास्थ्य सासाग्रीको लागि बजेट व्यवस्था गर्ने
- जनस्वास्थ्य सँग सम्बन्धित सेवा प्रभावकारी बनाउन महिला स्वयम सेविका परिचालनको लागि बजेट व्यवस्था गर्ने
- वैकल्पिक विधिको प्रयोग गरी पठन पाठन सूचारू गर्न आवश्यक बजेटको व्यवस्था गर्ने
- सामाजिक दुरी कायम गरी विद्यालय सञ्चालन गर्न नेपाल सरकारबाट निर्णय भएको अवस्थामा स्वास्थ्य सम्बन्धी मापदण्ड पालना गरी पठनपाठनलाई नियमित गर्न आवश्यक पर्ने पूर्वाधार निर्माण, खानेपानी, शौचालय तथा सरसफाईको प्रबन्ध गर्न आवश्यक बजेटको व्यवस्था गर्ने

(घ) आर्थिक विकास सम्बन्धी (कृषि, पशुसेवा, उद्योग, वाणिज्य, सहकारी, पर्यटन र अन्य)

- कृषि उपज तथा कृषि जन्य उत्पादनमा आत्मनिर्भरता तथा उद्यमशिलताको प्रवर्द्धन गर्न आवश्यक मल, विउ, किटनाशक औषधी, उत्पादित वस्तुको भण्डारण, प्रशोधन र बजार व्यवस्था, सिँचाई सुविधा मिलाउनको लागि बजेट व्यवस्था गर्ने
- किसानको लागत मूल्यको प्राप्तीको सुनिश्चितताको लागि कृषि तथा पशुविमा कार्यक्रमलाई प्रोत्साहित गर्न नीतिगत तथा कार्यक्रम गत बजेटको व्यवस्था गर्ने
- बाँझो जग्गाको एकिकृत तथ्याँक संकलन गरी सोको उपयोगको व्यवस्था मिलाउन भूमि वैंकको अवधारणा कार्यान्वयन गर्न सहजिकरण गर्ने, यस्तो कार्यलाई प्रोत्साहन गर्न कर सहुलियत तथा अनुदान लगायतका व्यवस्था गर्न सकिने
- स्थानीय कच्चा पदार्थमा आधारित लघु तथा घरेलु उद्यमको प्रवर्धन गर्न सिपमुलक तालिमको व्यवस्था गरी उत्पादित वस्तुहरूको बजारीकरणको सुनिश्चितता प्रदान गर्न सहयोग पुग्ने गरी कार्यक्रम तथा बजेटको व्यवस्था गर्ने
- विदेशबाट फर्किएका र रोजगारीको खोजीमा रहेका व्यक्तिहरूको सिपको विवरण समेत रोजगार सूचना केन्द्रमा अद्यावधिक गरि त्यस्तो जनशक्तिलाई स्थानीय तहभित्र उपलब्ध हुने निर्माण, सेवा, व्यावसाय, उद्योग, कृषि लगायतका क्षेत्रका रोजगारदाता सँग समन्वय गरि रोजगारी प्रदान गर्न सहजिकरण गर्ने व्यवस्था मिलाउने

(ङ) वातावरण तथा विपद व्यवस्थापन सम्बन्धीः

- कोभिड-१९ वाहेकका अन्य विपद् व्यवस्थापनका लागि बजेट व्यवस्था गर्ने
- पूर्वाधार विकासका कार्यक्रम गर्दा विपद जोखिमका संवेदनशिलतालाई केन्द्रविन्दुमा राखी कार्यान्वयन गर्न सघाउ पुग्ने गरी डिजाइन तथा इष्टिमेट गर्ने व्यवस्था मिलाउने

(च) सुशासन तथा संस्थागत विकास सम्बन्धीः

- नगरपालिका र वडा कार्यालयबाट प्रवाह गरिने सेवालाई सूचना प्रविधि मैत्री वनाउन आवश्यक बजेटको व्यवस्था गर्ने
- आन्तरिक आयमा चालु आ.व.मा परेको असर तथा आगामी आ.व. मा पनि यस्तो अवस्थाको निरन्तरता हुन सक्ने देखिएकोले आय संकलन प्रक्रिया र विधिमा सुधार तथा कर सहुलियत दिनुपर्ने अवस्था रहेमा सोको आँकलन गरी आन्तरिक राजश्व परिचालन सम्बन्धी आवश्यक नीतिगत र कानुनी गर्ने व्यवस्था गर्ने ।
- कोभिड-१९ बाट व्यापार व्यावसाय तथा सेवा क्षेत्रमा पर्न गएको नकारात्मक असरबाट राहत प्रदान गर्ने व्यावसाय कर, घर वहाल कर जस्ता क्षेत्रमा परेको असरको मूल्याँकन गरि कर सहुलियत प्रदान गर्न आवश्यक कानुनी व्यवस्था गर्ने
- कोभिड-१९ बाट कर तथा गैरकर राजश्वमा पर्न सक्ने असरलाई आँकलन गरि आन्तरिक आय अनुमानलाई सकेसम्म यथार्थपरक बनाउने
- आर्थिक क्रियाकलापमा आएको संकुचन सँगै स्थानीय तहको आन्तरिक आय, अन्तर सरकारी वित्त हस्तान्तरण, राजश्व वाँडफांड तथा रोयल्टी रकममा आउन सक्ने कमीलाई ध्यान दिदै लचकता सहितको उपयूक्त आकारको बजेट तर्जुमा गर्ने

देवचुली नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, नवलपरासी, लुम्बिनी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

- सेवा प्रवाहको लागि आवश्यक पर्ने न्युनतम प्रशासनिक खर्चको लागि बजेट विनियोजन गरी प्रशासनिक संरचना र कार्यलाई मितव्ययी बनाउन अनुत्पादक खर्चहरू कटौती गर्ने नीति अवलम्वन गर्न उपयूक्त हुने
- कोभिड-१८ को कारण असहज परिस्थितीको सामना गर्न तत्कालिन आवश्यकता पहिचान ढाँचावाट प्राथमिकतामा परेका क्रियाकलापहरू कार्यान्वयन गर्न निजी क्षेत्र, स्थानीय गै.स.स., सहकारी संस्था तथा स्थानीय सामुदायिक संस्थाहरूलाई परिपुरक भूमिकामा परिचालन गर्ने नीति लिने

## वडासमितिहरूको बजेट सिलिङ्ग

| वडा न | जम्मा रकम | आर्थिक विकास( १५ प्रतिशत | सामाजिक विकास(१५ प्रतिशत | पुर्वाधार विकास( ५० प्रतिशत | बातावरण तथा विपद् व्यवस्थापन (१५ प्रतिशत | सुशासन तथा संस्थागत विकास (५ प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | ३५७४७७३.२ | ५३६२१६.० | ५३६२१६.० | १७८७३८६.६ | ५३६२१६.० | १७८७३८.७ |
| २ | ६२२०८९४.४ | ९३३१३४.२ | ९३३१३४.२ | ३११०४४७.२ | ९३३१३४.२ | ३११०४४.७ |
| ३ | ३००१९०१.६ | ४५०२८५.२ | ४५०२८५.२ | १५००९५०.८ | ४५०२८५.२ | १५००९५.१ |
| ४ | ८३४८७०३.२ | १२५२३०५.५ | १२५२३०५.५ | ४१७४३५१.६ | १२५२३०५.५ | ४१७४३५.२ |
| ५ | ५१४३३५०.२ | ७७१५०२.५ | ७७१५०२.५ | २५७१६७५.१ | ७७१५०२.५ | २५७१६७.५ |
| ६ | ३१२०११३.२ | ४६८०१७.० | ४६८०१७.० | १५६००५६.६ | ४६८०१७.० | १५६००५.७ |
| ७ | ३२७४६९७.६ | ४९१२०४.६ | ४९१२०४.६ | १६३७३४८.८ | ४९१२०४.६ | १६३७३४.९ |
| ८ | ३०७९१९३.८ | ४६१८७९.१ | ४६१८७९.१ | १५३९५९६.९ | ४६१८७९.१ | १५३९५९.७ |
| ९ | ३९२४८६१.४ | ५८८७२९.२ | ५८८७२९.२ | १९६२४३०.७ | ५८८७२९.२ | १९६२४३.१ |
| १० | ४२३८५७६.८ | ६३५७८६.५ | ६३५७८६.५ | २११९२८८.४ | ६३५७८६.५ | २११९२८.८ |
| ११ | ३८३८४७६.० | ५७५७७१.४ | ५७५७७१.४ | १९१९२३८.० | ५७५७७१.४ | १९१९२३.८ |
| १२ | ४६२९५८४.४ | ६९४४३७.७ | ६९४४३७.७ | २३१४७९२.२ | ६९४४३७.७ | २३१४७९.२ |
| १३ | ४९७९६७२.६ | ७४६९५०.९ | ७४६९५०.९ | २४८९८३६.३ | ७४६९५०.९ | २४८९८३.६ |
| १४ | ५१८८८१६.२ | ७७८३२२.४ | ७७८३२२.४ | २५९४४०८.१ | ७७८३२२.४ | २५९४४०.८ |
| १५ | ४५२०४६६.० | ६७८०६९.९ | ६७८०६९.९ | २२६०२३३.० | ६७८०६९.९ | २२६०२३.३ |
| १६ | ४५१५९१९.४ | ६७७३८७.९ | ६७७३८७.९ | २२५७९५९.७ | ६७७३८७.९ | २२५७९६.० |
| जम्मा | ७१६०००००.० | १०७४००००.० | १०७४००००.० | ३५८०००००.० | १०७४००००.० | ३५८००००.० |
| | | | | | | |

प्रमुख प्रशासकीय अधिकृत